दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १२९ | बुटवल | २०८२ बैशाख २३, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday May. 06, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# अटोभिलेज बाहिर ग्यारेज राख्न नदिइने

**नगरका विभिन्न ठाउँमा छरिएर सञ्चालित ग्यारेजहरू त्यहाँबाट हटाउन नगरपालिकाले ३५ दिने सूचना जारी गरेको छ।**



**मोहम्मद हबिब**
*भैरहवा*

रूपन्देहीको सिद्धार्थनगर-९ गोनहियास्थित सिद्धार्थ अटोभिलेज पूर्णरुपमा सञ्चालनमा नआएपछि नगरपालिकाले ३५ दिने सूचना जारी गरेको छ। स्थापना भएर पूर्वाधारहरु बने पनि नगरक्षेत्रका व्यवसायीहरु मनोमानी रुपमा शहरमै केन्द्रित भई काम गर्दा अटोभिलेज सञ्चालनले पूर्णता पाउन सकेको छैन।

सिद्धार्थनगर नगरपालिकाले सुन्दर र सफा नगरको रुपमा विकास गर्ने अवधारणाअन्तर्गत नगरक्षेत्रमा यत्रतत्र छरिएका ग्यारेज, वर्कशप, अटो मेकानिक्सलगायतका व्यवसायलाई एकै स्थानमा ल्याउने भनेर ०७० सालमा सम्झौता गरे पनि कार्यान्वयन नभएपछि सोमबार नगरपालिकाले लुम्बिनी रोडमा सञ्चालनमा रहेका विभिन्न ग्यारेजहरु त्यहाँबाट हटाउन ३५ दिने सूचना जारी गरेको छ। नगरलाई सफा, सुन्दर र पर्यटकीय दृष्टिले आकर्षक बनाउन उक्त स्थानबाट ग्यारेजहरु हटाएर अटोभिलेजमा लैजान नगरपालिकाले निर्देशन दिँदै सूचना जारी गरेको हो।

नगर क्षेत्रका श्रमिक र व्यवसायीहरु अटो भिलेज नजाँदा शहर त कूरुप भएको छ नै, अटो भिलेज सञ्चालनमा आउन सकेको छैन। अटोभिलेजका लागि श्रमिकहरूले जग्गा खरिद गरेका र सडक, खानेपानी, विद्युत्‌लगायत आवश्यक सम्पूर्ण पूर्वाधार नगरपालिकाले बनाउने सम्झौता गरेको थियो। ती सबै तयार समेत भइसकेको नगरपालिकाले जनाएको छ। तर ११ वर्ष बितिसक्दा समेत अटो भिलेज सञ्चालनमा आउन नसकेपछि नगरपालिकाले अल्टिमेटम नै दिएको हो।

ग्यारेज सञ्चालकहरुले अटोभिलेजको ठेगाना राखी व्यवसाय दर्ता गरेर लुम्बिनी रोडमा ग्यारेज सञ्चालन गर्दै आएका छन् भने कतिपयले दर्ता नै नगरी व्यवसाय सञ्चालन गरिरहेका छन्। सिद्धार्थनगर नगरपालिकाले नेपाल अटो मेकानिक्स ट्रेड युनियन सिद्धार्थनगरसँग दुबै पक्षले गर्ने गरी ११ बुँदे, नगरपालिकाले गर्नुपर्ने १० बुँदे र युनियनले गर्नुपर्ने ३ बुँदे सम्झौता गरे पनि स्थानीय सरकारको दोस्रो कार्यकाल ३ वर्ष बित्दा समेत अटो भिलेजमा आकर्षण बढेको छैन।

अटोभिलेजका लागि श्रमिकहरुले जग्गा खरिद गरे सडक, विद्युत्‌लगायत आवश्यक सम्पूर्ण पूर्वाधार नगरपालिकाले बनाउने सम्झौता गरेको थियो। जसो तसो ति पूर्वाधारहरु बने पनि नगरका व्यवसायीलाई स्थानान्तरणका लागि नगरपालिकाले कुनै चासो नदेखाएको युनियन र अटोभिलेजका श्रमिकहरुले गुनासो गर्दै आएका थिए। करिब ३ सय श्रमिकहरुमध्ये अधिकांशले बैंकबाट ऋण लिएर गोनहियामा एकै स्थानबाट ग्यारेज सञ्चालनका लागि १२ विघा जग्गा खरिद गरे। अटोभिलेज सञ्चालनमा ल्याउन नगरपालिकाले गरेको निर्णय स्वागतयोग्य रहेको नेपाल अटो मेकानिक्स ट्रेड युनियन सिद्धार्थनगरका अध्यक्ष गुमानसिंह सारु मगरले बताए।

'नगरपालिकाले बाध्यात्मक निर्णय गरेको छ, अब लामो समयदेखिको प्रयासले बल्ल सार्थकता पाउला जस्तो छ,' उनले भने -'पटक- पटकको प्रयासपछि अहिले सिद्धार्थ अटोभिलेज सञ्चालनले निरन्तरता पाउने आशा पलाएको छ।'

सिद्धार्थनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले यस विषयमा नगर कार्यपालिकाले बैशाख ९ गते निर्णय गरेको बताए। उनले पटक-पटक अटोभिलेजमै व्यवसाय सञ्चालन गर्न व्यवसायीहरुलाई जानकारी गराएको भए पनि व्यवसायीहरुले अटेर गर्दै आएपछि यो निर्णय लिनुपरेको बताए। 'नगरलाई सफा, सुन्दर र पर्यटकीय बनाउन अटोभिलेज बाहेक अन्यत्र स्थानमा ग्यारेज सञ्चालनमा रोक लगाइएको छ,' थापाले भने-'अहिले त्यो अवस्थाका कडाईका साथ लागू गर्ने गरी ३५ दिने स्थानान्तरणको सूचना जारी गरेका हौं।'

हाल अटोभिलेज क्षेत्रमा केही वर्कशप, टायर पञ्चर, इञ्जिनियरिङ, बेल्डिङ, टायर रिसोलिङ, पम्प, ट्र्याक्टर, गाडीको बडी मेकानिक, हेड-लेथ मर्मत, साना सवारी साधानको ग्यारेज, पार्टस्, मोबिल, डेन्टर पेन्टरलगायतका व्यवासायी र मिस्त्रीहरुले मात्रै काम सुरु गरेका छन्।

» बाँकी ३ पेजमा

## कृषि कार्यक्रम हटाएकोमा प्रचण्डको आपत्ति



बुटवल। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नीति तथा कार्यक्रममा सरकारले कृषि क्षेत्रका कार्यक्रम हटाएको भन्दै आपत्ति जनाएका छन्।

आफू नेतृत्वको अघिल्लो सरकारले ल्याएका कृषि क्षेत्रका कयौं कार्यक्रम वर्तमान सरकारले हटाएको उनको भनाइ थियो।

प्रतिनिधिसभामा सोमबारदेखि सुरु भएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफलमा धारणा राख्दै प्रचण्डले यस्तो बताएका हुन्।

सरकारले कृषि उत्पादनमा विशिष्ट सोच, नयाँ दृष्टिकोण र दीर्घकालीन भिजन नअपनाउँदा उत्पादन वृद्धि सम्भव नहुने उनले बताए।

'नेपालको कृषि क्षेत्र समुदायमा आधारित ग्रामिण कृषि अर्थतन्त्रतर्फ अग्रसर हुनु आजको आवश्यकता हो। त्यसका लागि कृषिमा आधारित उद्यमशीलता प्रवर्धन, यान्त्रिकीकरण, उत्पादन प्रणालीको सामूहिक विकास र राज्यबाट साधन र बजारको सुनिश्चितता अनिवार्य छ।'- उनले भने।

कृषि उत्पादनको नेपाली विशिष्टता र संरचनागत आवश्यकतालाई सम्बोधन गर्न नसकेको उनको भनाइ छ।

भू-उत्पादकत्वको वैज्ञानिक मापनका आधारमा कृषि उपज विशेष उत्पादन क्षेत्र निर्धारण गरी लगानी आकर्षित गर्न जरुरी रहेको उनको भनाइ थियो। नीति तथा कार्यक्रमले कृषि उत्पादनको नेपाली विशिष्टता र संरचनागत आवश्यकतालाई सम्बोधन गर्न नसकेको उनले जिकिर गरे।

गत वर्ष नीति तथा कार्यक्रममा समावेश गरिएका 'कृषिमा लगानी दशक अभियान', 'उत्पादन र रोजगारका लागि साझेदारी कार्यक्रम', 'किसान परिचयपत्रसँग कृषि सेवा सहुलियत जोड्ने योजना', 'हिमाल समृद्धि उद्यमशीलता कार्यक्रम', 'गाईभैंसी स्रोत केन्द्र', 'वडास्तरमा नमूना फार्म स्थापनाको कार्यक्रम', तथा 'एकीकृत कर्णाली सिँचाइ कार्यक्रम'लाई निरन्तरता नदिइएकोमा उनले गम्भीर आपत्ति जनाए।

'जनतासँग प्रत्यक्ष जोडिने, समुदायलाई प्रत्यक्ष लाभ दिने कार्यक्रमलाई सरकारले काटेको छ, तर बिचौलियाका लागि कानुनी रूपमै ढोका खुला राखिएको छ।'- उनले भने।

## रेशम पक्राउबारे प्रधानमन्त्रीसँग जवाफ माग

बुटवल। नागरिक उन्मुक्ति पार्टी (नाउपा) का संरक्षक रेशम चौधरीको पक्राउबारे सांसदहरूले प्रधानमन्त्रीसँग जवाफ मागेका छन्। सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसदहरूले एक जना कर्मचारीले अदालतबाट फर्जी पक्राउ पुर्जी बनाउने आँट गर्न नसक्ने बताए। अदालतबाट फर्जी पक्राउ पुर्जी बनाएर चौधरीलाई पक्राउ गरेर ५ घण्टासम्म काराबासमा राखिनुका पछाडि राजनीतिक सम्बन्ध हुन सक्ने उनीहरूको आशंका छ।

नागरिक उन्मुक्ति पार्टीले त चित्त बुझ्दो जवाफ नदिए संसद्‌मा अवरोध गर्ने र सरकारलाई दिएको समर्थन नै फिर्ता लिने चेतावनी दिएको छ। नाउपाका सांसद गंगाराम चौधरी सर्वोच्च अदालतमा एक जना कर्मचारीले फर्जी पक्राउ पुर्जी बनाएर अगाडि बढाउन नसक्ने बताउँछन्।'शाखा प्रमुखले एक्लैले गरेका होइनन्। यसको राजनीतिक सम्बन्ध हुन सक्छ,' चौधरी भने -'यदि यसबारे छानबिन भएन भने मंगलबारदेखि सदन् अवरोध गर्ने र सरकार छोड्ने चोतावनी दिन चाहन्छौं।'

विषयमा प्रधानमन्त्री र गृहमन्त्रीले जवाफ दिनुपर्ने उनको माग छ। उनी भन्छन्-'यसको जवाफ प्रधानमन्त्रीसहित गृहमन्त्रीले दिनुपर्छ।'

यही बैशाख १७ गते नाउपा र जनमत पार्टीबिच एकीकरण गर्ने तय भएको थियो। एकीकरण घोषणाका लागि प्रज्ञा भवनमा पुगेका बेला रेशम चौधरी पक्राउ परेका थिए।

» बाँकी ३ पेजमा

## पौडी खेल्दा डुबेर दुई जनाको मृत्यु

बुटवल। पूर्वी नवलपरासीमा पौडी खेल्ने क्रममा खोलामा डुबेर दुई किशोरको मृत्यु भएको छ।

गैंडाकोट नगरपालिका वडा नं. १ र वडा नं. ३ जोड्ने जुक्तीखोलामा पौडी खेल्ने क्रममा डुबेर २ युवकको ज्यान गएको हो। मृत्यु हुनेमा भरतपुर महानगरपालिका वडा नं. ८ गौरीगञ्ज घर भएका १६ वर्षका प्रमिशन पाठक र वडा नं. ४ लंकु घर भएका १६ वर्षका शिशिर पन्त रहेका छन्। दिउँसो २ बजे पौडी खेल्ने क्रममा उनीहरु डुबेका थिए।

उनीहरु डुबेको केही समयपछि पुल निर्माण गर्ने मजदुरहरुले उनीहरुको शव बाहिर निकालेको पौडी खेल्न साथीहरुसँगै गएका अखिल लामिछानेले जानकारी दिए। मृतक पाठक र पन्त दुवैजना एसईई परीक्षा सकेर घरमै बस्दै आएका थिए। पौडी खेल्ने क्रममा डुबेर विभिन्न जिल्लामा निरन्तर मृत्युका घटनाहरु दोहोरिरहेका छन्। केही हप्ताअघि नवलपुरको मध्यविन्दु नगरपालिकामा एकै घरका दुई भाइका दुई छोरा, तीन दिनअघि सुनवलमा एकै घरका दुई भाइको डुबेर मृत्यु भएको थियो।

## लुम्बिनी प्रदेशका सबै अस्पताल विकास समिति विघटन




**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनी प्रदेश सरकारले आफू मातहतका सबै अस्पताल विकास समितिहरू विघटन गरेको छ।

बैशाख १६ गते बसेको प्रदेश मन्त्रिपरिषद् बैठक, (आर्थिक, सामाजिक तथा पूर्वाधार समितिको बैठक) ले प्रदेशका १२ वटै अस्पतालहरूका विकास समिति विघटन गर्ने निर्णय गरेको हो।

लुम्बिनीमा दाङको तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पताल र बुटवलमा लुम्बिनी प्रादेशिक अस्पताल गरी दुई प्रादेशिक अस्पतालहरू छन्। अन्य जिल्ला अस्पतालहरू छन्। लुम्बनी प्रदेश भरका कुल १४ अस्पतालहरूको विकास समितिहरू एकै साथ विघटन गरिएको हो।

ती सबै अस्पतालहरूका विकास समितिहरू विघटन गर्ने निर्णय भएको स्वास्थ्य मन्त्रालयका सचिव दुर्गा लक्ष्मी श्रेष्ठले आइतबार जारी गरेको वक्तव्यमा उल्लेख छ।

स्रोतका अनुसार प्रदेशभरका अस्पतालहरूमा विकास समिति विघटन गर्ने निर्णय गत चैत २६ गते नै प्रमुख सत्तासाझेदार दलहरू नेपाली कांग्रेस र नेकपा एमालेका बिचमा भइसकेको थियो। तर, त्यो कार्यान्वयनमा लैजान केही ढिलाइ भएको हो।

नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) का बिचमा सत्ता समीकरण छँदा लुम्बिनीमा अस्पताल विकास समितिहरू गठन गरिएका थिए।

पछिल्लो समय राजनीतिक समीकरण फेरिएर नेकपा (एमाले) र नेपाली कांग्रेसबिचमा सत्ता समीकरण रहेको हुँदा आफू अनुकूलका मानिसहरू विकास समितिमा मनोनित गर्न विकास समितिहरू विघटन गरिएको स्रोतले बतायो।

यी दुई दलकाबिचमा कुन अस्पतालमा कसलाई अध्यक्ष बनाउने भन्ने बारेमा लगभग सहमति भइसकेको हुँदा छिट्टै नयाँ विकास समिति गठन गरिने स्रोतले बताएको छ।



## सम्पादकीय

# नीतिगत भ्रष्टाचारको डरलाग्दो रूप

पोखरा विमानस्थल निर्माणमा आर्थिक अनियमितताको आशंकामा सार्वजनिक लेखा समितिको उप-समितिले ९ महिना अध्ययन गरेर प्रतिवेदन बुझाइसकेको छ। उक्त प्रतिवेदनले विमानस्थल निर्माणसम्बन्धी ठेक्का प्रक्रियाको प्रारम्भिक चरणमै नीतिगत भ्रष्टाचार भएको निष्कर्ष निकालेको छ। ६ बुँदाको निष्कर्षसहित प्रतिवेदनमा विमानस्थलमा भ्रष्टाचारको पाटो आर्थिक मात्र भएको भनिएको छैन। प्राविधिक रूपमा समेत अनियमितता एवं भ्रष्टाचार भएको भन्दै यो कार्यमा संलग्नलाई कारबाही हुनुपर्ने र विमानस्थललाई पूर्ण रूपमा सञ्चालनयोग्य बनाएर मात्रै व्यावसायिक सञ्चालनका लागि पहल गर्नुपर्ने निष्कर्ष निकालिएको छ। उक्त कार्यमा संलग्न भएको भन्दै उप-समितिले ८ जनालाई नाम नै किटेर कारबाहीको सिफारिस गरेको छ, जसमा क्यानका वर्तमान महानिर्देशक र दुई पूर्वमहानिर्देशकहरू समेत छन्।

यसरी सिफारिसमा पर्नेहरूमा वर्तमान महानिर्देशक तथा निर्माणको क्रममा आयोजना प्रमुखसमेत रहेका ई. प्रदीप अधिकारी, पूर्वमहानिर्देशकद्वय सञ्जीव गौतम र राजन पोखरेल, पोखरा विमानस्थलका वर्तमान आयोजना प्रमुख भएका निवेश मुनाकर्मी, राष्ट्रिय गौरव आयोजनाका निर्देशक चाँदमाला श्रेष्ठ, इन्जिनियर प्रविन न्यौपाने, प्रशासन प्रमुख राजेन्द्रप्रसाद पौडेल, क्यानका निर्देशक बाबुराम पौडेल छन्। प्रतिवेदनमा भ्रष्टाचार भएको रकमबारे यकिन रकम उल्लेख गरिएको छैन। तर, विभिन्न २० वटा चरणमा अनियमितता एवं भ्रष्टाचार भएको निष्कर्ष निकालेको छ। यसमा कसैले १० देखि १८ अर्ब भ्रष्टाचार भएको भन्दै समितिकै सदस्यहरूले बताउँदै आएका छन्। एउटा अन्तर्राष्ट्रिय विमानस्थलले निर्माण चरणमा भएको भ्रष्टाचार र सञ्चालनमा नआउँदै भूराजनीतिक भुमरीको सामना कसरी गर्दैछ भन्ने 'केस स्टडी' भएको छ, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल।

संभवतः यो नेपालको हालसम्मकै सबैभन्दा ठूलो भ्रष्टाचारजन्य आयोजना हुन सक्ने उप-समिति सदस्यहरु बताउँछन्। पोखरा विमानस्थलको निर्माणको मुख्य चासो एमाले नेतृत्वबाट भएको थियो। तत्कालिन पर्यटनमन्त्री रवीन्द्र अधिकारीको पहलमा वर्तमान प्रधानमन्त्री केपी ओली नेतृत्वकै त्यतिबेलाको सरकारले चीनको एक्जिम बैंकबाट ऋण लिएर विमानस्थलको निर्माण गरेको थियो। महँगो ब्याजमा ऋण लिएपछि सरकारको आलोचना हुँदै आएको थियो भने अहिले निर्माण सम्पन्न भएपछि पनि पर्याप्त र नियमित उडान हुन नसक्दा आलोचना हुने गरेको छ, तर एमाले नेतृतवले पोखरा विमानस्थलको निर्माणको औचित्यलाई प्रतिरक्षा गर्दै आएको देखिन्छ।

पोखरा विमानस्थल निर्माणको लागत करिब २२ अर्ब रुपैयाँ बराबर हो। प्रतिवेदनमा विमानस्थल निर्माणको क्रममा २० वटा प्रक्रियामा आर्थिक भ्रष्टाचार भएको भनिएको छ। प्रतिवेदनले यति नै भ्रष्टाचार भएको भनेर तोकेको छैन। महालेखा परीक्षकको कार्यालयले समेत विमानस्थल निर्माण क्रममा कर छुटको विषयलाई समेत गम्भीरताका साथ उठाएको छ। ठेक्का सम्झौतामा नै कर, शुल्क भुक्तानीको दायित्व निर्माण व्यवसायीको हुने भनेकोमा विमानस्थल आयोजनाले 'मास्टर लिस्ट' मा परियोजनालाई राखेर भन्सार शुल्क, महसुल र भ्याट छुट दियो। त्यसबापत मात्रै करिब २ अर्ब २२ करोड ४० लाख रुपैयाँ छुट दिएको भेटिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

विमानस्थल निर्माणका क्रममा आधारभूत कागजात र तथ्यांक विश्लेषण विना काम भएको अख्तियारको भनाइ छ। संरचना निर्माण गर्नुअघि माटो परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने थियो, त्यो कागजात भेटिएको छैन। ठेकेदार कम्पनीले भवन र संरचनाका कतिपय डिजाइनहरू समेत परामर्शदातालाई दिएको थिएन। यस बाहेक नेपाली परामर्शदाता छनोटमा पनि प्रश्न उठेको छ। बजेटको दृष्टिकोणले पोखरा विमानस्थलभन्दा आधा सानो भैरहवा विमानस्थल निर्माणमा कोरियाली परामर्शदाता नियुक्त भएका थिए। तर, पोखरामा भने अन्तर्राष्ट्रिय प्रतिस्पर्धा विना नै इआरएमसी नामक नेपाली परामर्शदाता नियुक्त भयो र उसकै निर्णयका आधारमा रकम भुक्तानी गरियो।

यावत विषयहरुले विमानस्थल निर्माणमा निकै ठूलो नीतिगत भ्रष्टाचार र गुणस्तरहीन काम भएको देखिन्छ। पोखरा विमानस्थल मात्र होइन उपसमितिका सदस्य एवं पूर्व पर्यटन मन्त्री प्रेम आले मगरले त पोखरामा भन्दा ठूलो भ्रष्टाचार गौतमबुद्ध विमानस्थल भैरहवामा भएको दाबी गरेका छन्। उनले पोखराको ट्रेलर मात्र भएको र भैरहवा विमानस्थलको भ्रष्टाचार असली फिल्म भएको दाबी गरेका छन्। आलेले सार्वजनिक लेखा समितिको बैठकमा यो विषय जोडतोडले उठाएपछि अब भैरहवा विमानस्थलको बारेमा पनि छानवीन हुने भएको छ।

यसअघि पनि विभिन्न ठूला आयोजनामा भ्रष्टाचार हुने गरेका थुप्रै उदाहरण छन्। दुई विमानस्थलबारे अहिले आएका तथ्यहरुले मुलुकमा ठूला विकास आयोजनामा कसरी नीतिगत भ्रष्टाचार संस्थागत हिसाबले डरलाग्दो गरी मौलाएको छ भन्ने पुनः पुष्टी गरेको छ। अब यस्ता ठूला आयोजनामा नीतिगत भ्रष्टाचार गर्न डिजाइन परिवर्तन गर्नेदेखि लागत खर्च बढाउन अनेक अनेक अपारदर्शी निर्णय गर्ने विषयमा सरोकारवाला निकाय सचेत हुनुपर्ने र शुरुदेखि नै निगरानी गर्नुपर्ने भएको छ। मुलुकमा ठूला विकास पूर्वाधारहरु बनिरहका छन् भनेर मख्ख पर्नुभन्दा ती आयोजनाहरु भ्रष्टाचार नगरी गुणस्तरीय बनेका छन् कि छैनन् भन्नेतर्फ सबैको ध्यान जानुपर्ने खाँचो छ। यस्ता ठूला नीतिगत भ्रष्टाचार बेलैमा नरोक्ने हो भने मुलुक भ्रष्टाचारको दलदलमा भासिने र अन्तर्राष्ट्रिय जगतमा ग्रे लिस्टबाट ब्ल्याक लिस्टमा जाने जोखिम छ।

# पहलगाम हमला र क्षेत्रीय शान्ति



तीर्थ भट्टराई

भारतद्वारा सिन्धु जलसन्धि निलम्बन गरी भारतबाट पाकिस्तानतर्फ जाने पानी रोकिने हल्लाले पाकिस्तान पनि आतङ्कित छ र यसबाट करोडौँ पाकिस्तानी जनतालाई असर पर्न सक्छ। त्यसैले दुवै देशले आतङ्कवादसँग लड्न प्रतिबद्धता जनाउँदै वास्तविक दोषी पत्ता लगाई कारबाही गर्नु उचित हुन्छ। स्वतन्त्र छानबिनलाई दुवै देशले सघाउनु राम्रो हुन्छ। यो घटनाले सार्क राष्ट्रबिचको सहयोग र शान्तिको वातावरण बिग्रन दिन हुँदैन। नेपाल सार्क सङ्गठनको अध्यक्षको नाताले पनि उचित पहल लिनु पर्छ। भारतीय प्रम मोदी जस्ता सुझबुझ भएका नेताले यो क्षेत्रमा अशान्ति भड्कन नदिन वार्ताबाटै समाधान गर्न पहल गर्नु वाञ्छनीय हुने छ। यदि भारत र पाकिस्तानबिच युद्ध भएमा त्यसको असर नेपाललाई पनि पर्ने छ। अहिलेको तनावकै कारण पनि नेपाल-भारत खुला सीमा भएकाले दुवै राष्ट्रले सीमामा कडाइ गर्न थालिसकेका छन् भने युद्ध भएमा त्यसको असर आर्थिक, कूटनीतिकलगायत हरेक क्षेत्रमा पर्ने छ। यसले भारत र पाकिस्तान मात्र होइन यस क्षेत्रमै प्रभाव पार्ने सम्भावना हुन्छ।



भारत नियन्त्रित कश्मिरको पहलगाममा भएको आतङ्कवादी हमलाले भारत र पाकिस्तानबिच अप्रिय तनावको स्थिति उत्पन्न गरेको छ। यसले केवल भारत र पाकिस्तानबिच मात्र नभएर विश्व शान्तिमै पार्न सक्ने असरबारे चिन्ता सुरु भएको छ। घटना यही अप्रिल २२ तारिखका दिन भारतको जम्मु कश्मिर राज्यको राजधानी श्रीनगरबाट लगभग सय किलोमिटर टाढा एक पर्यटकीय शहर पहलगाममा भएको थियो। पहलगाम नजिक वैसरन घाँटीमा पर्यटक घुमफिर गर्न जाने र त्यहाँको प्राकृतिक वातावरणको आनन्द लिने गर्दथे। सो दिन त्यस पर्यटकीय स्थलमा जङ्गलबाट अचानक निस्केका हतियारधारी आतङ्कवादीले त्यहाँ आनन्द लिइरहेका पर्यटकलाई उनीहरूको नाम तथा धर्म सोधी बन्दुकको निशाना बनाएका थिए। पर्यटकहरूलाई धर्म सोधी हिन्दुहरूमाथि आक्रमण गरिएको भारतीय समाचार माध्यमले जनाएका छन्।

सो आतङ्कवादी आक्रमणमा एक नेपाली पर्यटक सुदीप न्यौपानेले पनि ज्यान गुमाउनु पर्‍यो। बुटवलका उहाँ आमा, बहिनी र ज्वाँइसहित घुम्न जानुभएको थियो। न्यौपाने स्वास्थ्य सेवाका एक अभियन्ता हुनुहुन्थ्यो। आक्रमणको जिम्मा पाकिस्तान समर्थित भनी दाबी गरिएको लस्कर ए तोइबाको मोर्चा दी रेसिस्टान्स फ्रन्ट (टिआरएफ) ले लिएको छ। घटना भएको स्थान जङ्गलबिच पर्यटकले आराम गर्ने र फोटो तथा भिडियो खिच्ने चौर जस्तो स्थान रहेको बताइएको छ। त्यहाँ धेरै जसो पर्यटक तथा उनीहरूका गाइड तथा घोडा सवारी सेवा उपलब्ध गराउनेहरू नै हुने गरेको छ। मृतकहरू पनि धेरै जसो भारतका विभिन्न राज्यबाट घुम्न आएका पर्यटक नै थिए भने महाराष्ट्रका सबैभन्दा धेरै अर्थात् छ जना पर्यटकले ज्यान गुमाए। विदेशी पर्यटक भने नेपालका सुदीप मात्र पर्नुभयो। उहाँलाई तिम्रो धर्म के हो भनी सोधी हिन्दु भनेपछि गोली हानी हत्या गरिएको थियो। मृतकमध्ये एक २६ वर्षीय युवक भारतीय नौ सैनिक अधिकारी विनय नरवाल पनि हुनुहुन्थ्यो। उहाँ आफ्नी नवविवाहित पत्नीका साथ हनिमुन मनाउन जानुभएको थियो। उहाँलाई पत्नीकै अगाडि गोली हानी हत्या गरियो। कफिनमा फर्कनु उहाँको नियति बन्यो।

यो आक्रमण सो क्षेत्रमा गत दुई दशकमै सबैभन्दा ठुलो भएको पनि भारतीय सञ्चार माध्यमले जानकारी दिएका छन्। एक जना भने पर्यटकलाई उद्धार गर्न खटेका पहलगामका स्थानीय तथा पर्यटक पथप्रदर्शक सैयद अदिल हुसेनको पनि मृत्यु भयो। घटनाबाट पहलगामका स्थानीय पनि अत्यन्त आक्रोशित तथा दुःखित छन्। फस्टाउँदो पर्यटनका कारण उनीहरू धेरै लाभान्वित भएका थिए, तर सो घटनाका कारण त्रस्त भएपछि रोजीरोटी गुम्ने अवस्था सिर्जना भएको छ। घटना भएको स्थानमा पर्यटकको धेरै चहलपहल हुने भए पनि सुरक्षाको बन्दोबस्त भने नभएको बुझिएको छ। सुरक्षाकर्मीले पनि सो स्थानमा हमलाको आशङ्का नगरेकाले नै त्यति धेरै क्षति हुन पुगेको हो। भारतले यस आतङ्कवादी हमलाका लागि पाकिस्तान सरकारलाई दोष लगाएको छ भने पाकिस्तानले यसमा आफ्नो कुनै हात नभएको र स्वतन्त्र छानबिनका लागि आफूले सहयोग गर्ने जनाएको छ। भारतले आतङ्कवादीहरू पाकिस्तानी नागरिक भएको बताउँदै आएको छ। पाकिस्तान भने कश्मीरबारे संयुक्त राष्ट्रसङ्घको प्रस्तावको पालनाबाहेक अन्य माध्यमबाट समस्याको समाधान हुन नसक्ने बताउँदै आएको छ। यस्तो स्थितिमा दुई देशबिच तिक्तता बढ्दै गएको छ भने सीमा क्षेत्रका बासिन्दा त्रसित हुन पुगेका छन्।

पाकिस्तानका सञ्चारमन्त्री अत्ताउल्ला तरारले त भारतले २४ देखि ३६ घण्टाभित्र पाकिस्तानमाथि आक्रमण गर्न लागेको ट्विटरमा उल्लेख नै गर्नुभयो। भारतले भने यसलाई पाकिस्तानको त्रसित मानसिकताको रूपमा बुझेको छ। पहलगाम घटनापछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो साउदी अरेबियाको भ्रमणबाट पाकिस्तानी हवाई क्षेत्र छलेर स्वदेश फर्कनुभयो भने भारतले अप्रिल ३० देखि मे २३ सम्म पाकिस्तानी यात्रु वा सैनिक विमानलाई भारतीय हवाई क्षेत्र प्रयोगमा प्रतिबन्ध लगाएको छ। यसैबिच भारतले पाकिस्तानी नागरिकलाई भारत छोड्न बाध्य पनि बनाएको छ। यसबाट सीमा क्षेत्रका धेरै पाकिस्तानीलाई असर परेको छ।

भारतीय प्रधानमन्त्री मोदीले यस आतङ्ककारी घटनाका योजनाकार र समर्थकलाई उपयुक्त सजाय दिलाएरै छाड्ने बताउनुभएको छ। एक छिमेकी देश तथा सार्क सदस्य राष्ट्रको नाताले नेपालले पनि यो आतङ्ककारी हमलाको निन्दा गरेको छ। नेपालको परराष्ट्र मन्त्रालयले एक वक्तव्य प्रकाशित गर्दै आतङ्कवादी आक्रमणप्रति दुःख व्यक्त गर्नुका साथै पीडितका परिवारप्रति गहिरो समवेदना व्यक्त गरेको छ। साथै, नेपालले यस दुःखको घडीमा आतङ्कवादविरुद्ध भारतको साथ रहने पनि जनाएको छ। नेपालका राष्ट्रपति रामचन्द्र पौडेल तथा प्रधानमन्त्री केपी शर्मा ओलीले पनि सामाजिक सञ्जालमार्फत् सो घटनाप्रति दुःख व्यक्त गर्दै निर्दोष मानिसहरूमाथि भएको आक्रमणको निन्दा गर्नुभएको छ। नेपालले कुनै पनि प्रकारका आतङ्कवादी घटना विश्वका जुनसुकै स्थानमा भए पनि भर्त्सना गर्दै आएको छ। नेपाल गौतमबुद्धको देश भएकाले पनि विश्वलाई नै शान्तिको सन्देश दिँदै आएको छ। हरेक समस्याको समाधान शान्तिपूर्ण रूपमा वार्ताबाटै हुनु पर्छ भन्ने नेपालको मान्यता रहिआएको छ। त्यसमाथि नेपाल हाल दक्षिण एसियाली क्षेत्रीय सङ्गठन सार्कको अध्यक्ष राष्ट्र भएका कारण पनि सार्क क्षेत्रमा भएका कुनै पनि शान्ति खल्बल्याउने प्रयासलाई उचित ठहर्‍याउन सक्दैन। पहलगाम घटनामा आतङ्कवादीले धर्म सोधेर निसाना बनाएका छन्। यो कुनै पनि हालतमा क्षम्य हुन सक्दैन।

यस घटनाबाट भारत र पाकिस्तानबिच तनाव मात्र होइन युद्धको खतरा पनि रहेको छ, तर सार्क सङ्गठनमा आबद्ध दुवै राष्ट्रले संयम अपनाउनु उचित हुन्छ। यसबाट धेरै क्षति भारतलाई भएको छ र यसबाट भारत उत्तेजित हुनु स्वाभाविक हो तर क्षेत्रीय मात्र नभई विश्व शान्तिका लागि पनि दुवैले समस्यालाई शान्तिपूर्ण रूपमा वार्ताद्वारा समाधान निकाल्नु पर्छ। भारतद्वारा सिन्धु जलसन्धि निलम्बन गरी भारतबाट पाकिस्तानतर्फ जाने पानी रोकिने हल्लाले पाकिस्तान पनि आतङ्कित छ र यसबाट करोडौँ पाकिस्तानी जनतालाई असर पर्न सक्छ। त्यसैले दुवै देशले आतङ्कवादसँग लड्न प्रतिबद्धता जनाउँदै वास्तविक दोषी पत्ता लगाई कारबाही गर्नु उचित हुन्छ। स्वतन्त्र छानबिनलाई दुवै देशले सघाउनु राम्रो हुन्छ। यो घटनाले सार्क राष्ट्रबिचको सहयोग र शान्तिको वातावरण बिग्रन दिन हुँदैन। नेपाल सार्क सङ्गठनको अध्यक्षको नाताले पनि उचित पहल लिनु पर्छ। भारतीय प्रम मोदी जस्ता सुझबुझ भएका नेताले यो क्षेत्रमा अशान्ति भड्कन नदिन वार्ताबाटै समाधान गर्न पहल गर्नु वाञ्छनीय हुने छ। यदि भारत र पाकिस्तानबिच युद्ध भएमा त्यसको असर नेपाललाई पनि पर्ने छ। अहिलेको तनावकै कारण पनि नेपाल-भारत खुला सीमा भएकाले दुवै राष्ट्रले सीमामा कडाइ गर्न थालिसकेका छन् भने युद्ध भएमा त्यसको असर आर्थिक, कूटनीतिकलगायत हरेक क्षेत्रमा पर्ने छ। यसले भारत र पाकिस्तान मात्र होइन यस क्षेत्रमै प्रभाव पार्ने सम्भावना हुन्छ। नेपालले वर्तमान सार्क राष्ट्रको अध्यक्षका हैसियतले यस क्षेत्रमा तनाव हुन नदिन कूटनीतिक पहल गर्नु पर्छ। गोपबाट

# चिनीको सट्टा 'भेली': स्वास्थ्यको लागि फाइदाजनक छ ?

कृष्ण चापागाईं

हामीलाई सबैभन्दा मनपर्ने स्वाद सोध्यो भने कमै मात्रको जवाफ गुलियो नआउँला। हामी सबै जना गुलियो भनेपछि हुरुक्कै हुन्छौं। सजिलै उपलब्ध भएको अनि सबैको भान्सामा पाइने चिनी हाम्रो गुलियोको बलियो श्रोत बनेको छ। यद्यपि धेरैले यो चिनी हाम्रो स्वास्थ्यको लागि अत्यन्तै हानिकारक छ भनेर बुझिसकेका भने छौं।

चिनी नखाने भन्ने बित्तिकै हाम्रो दिमागमा एउटा प्रश्न आउँछ चिनीको सट्टा के खाने त ? हामीले देखेका अनेकौं विकल्पहरु मध्येको एक हो भेली। नेपाली बजारमा सहजै पाउन सकिने भेलीलाई मानिसहरु चिनीको विकल्पको रुपमा निर्धक्क प्रयोग गरेको पाइन्छ। त्यसैले अलिकति यसको बारेमा केहि चर्चा गर्नु आवश्यक छ।

**के भेली स्वास्थ्यको लागि फाइदाजनक छ त ?**

भेली नेपाली समाजमा सदियौंदेखि विविध रुपमा प्रयोग हुँदै आइरहेको पदार्थ हो। विशेषगरी नेपाल तथा भारतमा अत्याधिक रुपमा पाइने भेलीमा कार्बोहाइड्रेट बाहेक पनि विभिन्न पोषण तत्त्वहरू पाउन सकिन्छ। जसमध्ये मुख्य आइरन, म्याग्नेसियम, पोटासियम, फोस्फोरस, सोडिएम, जिंक, क्लोराइड रहेका छन् भने विभिन्न भिटामिनहरु जस्तै भिटामिन ए, विविध भिटामिन बी का प्रकारहरु, भिटामिन सी तथा भिटामिन इ समेत पाइन्छ। यसका अतिरिक्त भेलिमा केही मात्रामा प्रोटिन समेत पाइने कुरा बिभिन्न अध्ययनहरुमा पाउन सकिन्छ।

माथि उल्लेख गरिएका सम्पूर्ण पोषण तत्वहरू मानव शरीरका लागि नभई नहुने अत्यावश्यक तत्वहरु हुन् जो भेलीमा हामीले पाउन सक्छौं। तर यतिले मात्र हामी यो निर्क्यौल गर्न सक्दैनौ कि भेली हाम्रो स्वास्थ्यको लागि फाइदाजनक छ। त्यसैले यसको उत्तर "हो" अथवा "होइन" मा भन्दापनि केहि विश्लेषण गरेर दिनुपर्ने हुन्छ।

माथि भनिएका तत्वहरु भेलीमा पाउने कुरामा दुइमत छैन तर कति मात्रामा पाउने अथवा त्यी तत्वहरु पाउनको लागि कति भेली खानुपर्ने भन्ने कुराले निर्धारण गर्छ यसको आवश्यकता तथा महत्व।

सामान्य मानिसलाई दैनिक जीवनमा माथि उल्लेखित तत्वहरुको फरक फरक मात्रा आवश्यक पर्दछ। तर भेलीमा उक्त तत्त्वहरु नगन्य मात्रामा पाइन्छन्। अझैं भनौं भेलीबाट पोषणतत्त्वहरू पर्याप्त मात्रामा पाउनको लागि हामीले धेरै भेलीको सेवन गर्नुपर्ने हुन्छ जुन अन्य खानाको स्रोतबाट सहजै पाउन सकिन्छ।

उदाहरणको लागि यसरी बुझ्न सकिन्छ : एक सामान्य वयस्क पुरुषलाइ लगभग ८ मिलिग्राम आइरन बाहिरी स्रोत (विभिन्न खाने कुराहरु) बाट चाहिन्छ। यदि भेलीलाई उक्त स्रोतको रुपमा लिने हो भने लगभग १०० ग्राम भेलीमा उल्लेखित मात्रामा आइरन पाउन सकिन्छ। तर हामीले चिनीको सट्टा प्रयोग गर्ने भेलीको मात्रामा हिसाब गर्दा एक चिया चम्चा भेलीमा लगभग ०.७५ मिलिग्राम मात्र आइरन पाउन सकिन्छ जुन अत्यन्तै नगन्य हुन जान्छ। अर्कोतिर धेरै भेलीको सेवन गर्दा यसका नकारात्मक असरहरू धेरै छन् किनभने भेली र चिनीले हामीलाई दिने क्यालोरीमा खासै अन्तर छैन। आइरन जसरी नै अन्य तत्त्वहरूलाइ पनि यसरी नै तुलना गरेर हेर्दा भेलीबाट हामीले पाउने फाइदा अत्यन्तै नगन्य छ। त्यसैले माथि "भेलीमा पाइने" भनिएका तत्त्वहरू सन्तुलित रुपमा हामीले खाने फलफुल तथा तरकारीहरूमा सजिलोसँग पाउन सकिन्छ। कुनैपनि पोषण विशेषज्ञले उल्लेखित तत्वहरूको लागि प्रमुख श्रोतको रुपमा भेली सेवन गर्ने सल्लाह दिनुभएको पाइदैन।

अब फेरि घुमेर पुरानै प्रश्नमा पुगौं। के भेली खानु ठिक छ ? यो प्रश्नलाई दुई पाटोबाट उत्तर दिनुपर्ने हुन्छ। यदि तपाइँ चिनीलाई भेलीले प्रतिस्थापन गर्नुहुन्छ भने यसमा कुनै शंका छैन भेली चिनीभन्दा सबै तुलनामा उत्कृष्ट हुन सक्छ। स्वास्थ्यमा फाइदा गर्छ भन्ने मनशाय राखेर भेली सेवन गर्नुहुन्छ भने भेली खानु ठिक कदापी छैन। अझैं क्लियर कट शब्दमा कम हानिकारक हुनुमा फाइदा देख्नुहुन्छ भने भेलीले चिनीको तुलनामा फाइदा गर्छ तर कसैसँग तुलना नगरी एक्लो भेलीको मात्र कुरा गर्दा भेली पनि फाइदाजनक छैन।

**भेली खाने कि चिनी ?**

चिनी र भेली दुबैले शरीरलाई बराबर मात्रामा क्यालोरी प्रदान गर्दछन्, त्यसैले मोटोपन, पेटको गोलाई लगायतका जोखिमहरु दुबैमा बराबर छन् (तर चिनीबाट प्राप्त क्यालोरीलाइ Empty calori भनिन्छ ) यी दुइको Glycemic Index मा केहि अन्तर भएको कुरा विभिन्न अध्ययनले देखाउछन्। यस अर्थमा जसरी चिनी तुरुन्तै रगतमा घुलेर रगतमा चिनीको मात्रा बढाउछ (Blood sugar spike) भेलीले केहि समय बढी लिने भएकोले ह्वात्तै रगतमा चिनीको मात्रा बढाउदैन (चिनीको तुलनामा)।

कति चिनी सेवन गरेपछि यो हाम्रो लागि हानिकारक छ भन्ने विषयमा विश्व स्वास्थ्य संगठनले भन्छ-"स्वस्थ जीवनशैलीका लागि चिनीको सेवनबाट आउने क्यालोरी जम्मा क्यालोरीको ५ प्रतिशत भन्दा कममा सीमित गर्नुपर्ने हुन्छ" (यसमा भेली पनि पर्दछ)। यसरी तोकिएको जति चिनीको स्रोतको लागि हामीले भेली प्रयोग गर्दा भेलीबाट कुनै पनि पोषण तत्त्व महत्त्वपूर्ण रुपमा हामीले पाउँदैनौ भने अर्कोतिर चिनी जत्तिकै गुलियो पाउनको लागि तुलनात्मक रुपमा बढी भेली प्रयोग गर्दा अझैं क्यालोरीको मात्रा बढ्न सक्ने जोखिम त रहन्छ नै। त्यसैले चिनिसँग तुलना गर्दा बाहेक अन्य कुनै पनि अवस्थामा भेलीले स्वास्थ्यको लागि फाइदा गर्दैन, तर हामीले सेवन गर्ने मात्रामा सूक्ष्म रुपले तुलना गर्दा भेली र चिनीमा पनि त्यति ठूलो फरक छैन। यदि तौल कम गर्ने हाम्रो उद्देश्य हो भने त चिनी र भेलीमा केही पनि फरक नै छैन भन्दा हुन्छ। यी दुवैले हाम्रो तौल बढाउने नै हुन्। भेलीले तौल कम गर्न सहयोग गर्छ भन्नु सरासर गलत हो।

**भेलीले पाचनक्रियामा मद्दत गर्छ ?**

भेलीको बारेमा अर्को भनाइ के छ भने यसले पाचनक्रियामा अत्यन्तै राम्रो भूमिका खेल्नुको साथै कलेजोको सफाइमा पनि महत्वपूर्ण भूमीका खेल्छ। तर यो भनाइलाई सपोर्ट गर्ने कुनैपनि अध्ययनहरु पाइदैन। यसको लागि फाइबरयुक्त खानेकुराहरु सेवन गर्नु र प्रशस्त पानी पिउनु नै पर्याप्त हुन्छ। भेली चाहिँदैन।

त्यसैले निष्कर्षमा भेलीलाई सुरक्षित मानेर प्रयोग गर्ने सम्पूर्णले यो बुझ्नु जरुरी छ कि भेली कुनै पनि व्यक्तिको स्वास्थ्यको लागि निर्धक्कसँग सेवन गर्न मिल्ने पदार्थ होइन।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचक नौ दशमलव ९८ अङ्कले घट्यो

काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार नौ दशमलव ९८ अङ्कले घटेर दुई हजार छ सय १० दशमलव ४० अङ्कमा कायम भएको छ।

तीन सय १९ कम्पनीको एक करोड ८४ लाख ३७ हजार नौ सय ४२ कित्ता शेयर ६५ हजार आठ सय ८४ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ६३ करोड ४१ लाख ९३ हजार छ सय ९३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

होटल तथा पर्यटन समूह शून्य दशमलव ०२, लघुवित्त शून्य दशमलव ११, म्युचुअल फन्ड शून्य दशमलव २० र निर्जीवन बिमा समूह शून्य दशमलव ०६ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ शून्य दशमलव ३८, विकास बैंक शून्य दशमलव ७६, वित्त शून्य दशमलव ९७, जलविद्युत् शून्य दशमलव ७४, लगानी शून्य दशमलव १३ र जीवन बिमा शून्य दशमलव ११ प्रतिशतले घटेको छ। त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८८, व्यापार शून्य दशमलव ७२ र अन्य समूह शून्य दशमलव २२ प्रतिशतले घटेको छ।

कारोबारमा नेपाल माइक्रोइन्स्योरेन्स कम्पनी लिमिटेड, ओम मेगाश्री फार्मास्युटिकल्स लिमिटेड र सिटिजन सुपर-३० म्युचुअल फन्डको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने हिमालयन पावर पार्टनर लिमिटेडको शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ।

# बुलिङटार गाउँपालिकाको तेस्रो त्रैमासिक सार्वजनिक सुनुवाइ

नवलपुर। बुलिङटार गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ को तेस्रो त्रैमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम सोमबार सम्पन्न गरेको छ। कार्यक्रममा सरोकारवालाहरुले कालिगण्डकी डाइभर्सन आयोजना र नदीजन्य पदार्थ उत्खनन् प्रति चासो व्यक्त गरेका थिए। उनीहरुको प्रश्नको जवाफ दिंदै गाउँपालिका अध्यक्ष दिपेन्द्र सुनारी मगरले कालिगण्डकी डाइभर्सन आयोजना सञ्चालन हुँदा कालिगण्डकी सभ्यता र स्थानीय जनजीवनमा प्रतिकूल असर पर्ने भएकाले यसबारे विभिन्न स्थानीय तहसँग छलफल भइसकेको र आफू स्वयं सर्वोच्च अदालतमा भएको छलफलमा समेत सहभागी भइसकेको बताए।

नदीजन्य पदार्थ उत्खननको विषयमा विगतमा सर्वोच्च अदालतको अन्तरिम आदेशका कारण उत्खनन् रोकिएको र हाल सो सम्बन्धमा रहेको रिट खारेज भएकाले अब कानुनी प्रक्रिया पूरा गरेर उत्खनन् कार्य अघि बढाइने जानकारी उनले दिए।

उनले चालु आवमा योजनाहरूलाई प्राथमिकिकरण गर्दै सिँचाइ, खानेपानी, स्वास्थ्य, शिक्षा र पूर्वाधार क्षेत्रलाई प्राथमिकतामा राखेर काम अगाडि बढाइएको जनाए। आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका समुदायहरुको जनजीवन सुधारका लागि गाउँपालिका सदैव अग्रसर रहेको भन्दै उनले लक्षित वर्गका लागि विभिन्न कार्यक्रमहरु पालिकाले अगाडी सारेको बताए।

कार्यक्रममा उपाध्यक्ष दिलमाया राना मगरले सहभागी सबैलाई धन्यवाद दिँदै न्यायिक समिति तथा मेलमिलाप सम्बन्धी काम, सेवाप्रवाह र उपलब्धिबारे जानकारी गराइन्। स्थानीय समुदायहरुमा न्यायिक समितिको काम र क्षेत्राधिकारको बारेमा जानकारी नभएका कारण पनि उल्लेखित रुपमा न्यायिक समितिमा उजुरीहरु आउन नसकेको उनले बताइन्।

गाउँपालिकाको सभाहलमा आयोजित कार्यक्रममा चालु आर्थिक वर्षको बजेट, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रगतिबारे जानकारी दिइएको हो।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र भुसालले प्रस्तुतिकरण गर्दै चालु आवमा हालसम्म २२२ वटा योजना तथा कार्यक्रम सञ्चालन गरिएको जानकारी गराए। उनका अनुसार चालु आ.व. २०८१/८२ को लागि गाउँ सभाबाट स्विकृत चालु तथा पुँजीगत योजनाहरुमा विनियोजन गरिएको कुल रकमको चालुतर्फ रु. १८ करोड ६५ लाख ८७ हजार ४७ रुपैयाँ (५४.०२ प्रतिशत) र पुँजीगततर्फ रु. ४ करोड एक लाख ५२ हजार ६ सय ८१ रुपैयाँ ( २६.८ प्रतिशत) बजेट खर्च भइसकेको छ। यस अवधिमा आन्तरिक आयसहित विभाज्य कोषबाट आम्दानी संकलन गरिएको तथा सिचाइँ, खानेपानी, स्वास्थ्य, शिक्षा, पूर्वाधारलगायतका क्षेत्रमा प्राथमिकताका साथ योजना कार्यान्वयन भइरहेको उनले जानकारी दिए।

भुसालका अनुसार स्वास्थ्य सेवा क्षेत्रमा बुलिङटार गाउँपालिका गण्डकी प्रदेशमै प्रथम स्थान हासिल गर्न सफल भएको छ। पालिकाका सबै वडा कार्यालय, स्वास्थ्य संस्था तथा ९ वटा विद्यालयमा विद्युतीय हाजिरी प्रणाली सञ्चालनमा आएको छ भने राजस्व प्रणाली पनि पूर्ण रूपमा अनलाइन गरिएको छ। डिजिटिल भिलेज निर्माण कार्य सम्पन्न भइसकेको र सबै वडाबाट घुम्ती शिविर सञ्चालन गरिएको जानकारी समेत उनले जानकारी दिए।

कार्यक्रममा गाउँपालिकाले पर्याप्त जनशक्ति, स्रोतसाधनको न्यूनता, नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कानुनको दोहोरोपन, विपद् व्यवस्थापनमा कठिनाइ, अत्याधिक जनअपेक्षा र सीमित स्रोत जस्ता समस्या र चुनौतीको सामना गरिरहेको जानकारी गराउँदै संघीय सरकारसँग स्रोतसाधनको स्वायत्तता, ठूला तथा अन्तरपालिका योजनामा प्राथमिकता, विपद् व्यवस्थापनमा सक्रियता र दक्ष जनशक्तिको सहज उपलब्धताको अपेक्षा राखेको बताइएको छ।

### अटोभिलेज...

सिद्धार्थ अटोभिलेज सञ्चालनमा ल्याउन खोजेको नगरपालिकाले आफ्नै सम्झौता कार्यान्वयन नगरी उल्टै सम्झौताविपरीत ठुला व्यवसायीहरुलाई लुम्बिनी रोडमा 'मिनी' अटोभिलेज सञ्चालन गर्न छुट दिएको थियो। सम्झौताको बुँदा नम्बर ४ मा अटोमेकानिक्स सम्बन्धी व्यवसाय गर्ने सम्पूर्ण व्यवसायीलाई सिद्धार्थ अटोभिलेज बाहेक अन्यत्र व्यवसाय गर्न नपाउने गरी दुवै पक्ष (नगरपालिकाका र व्यवसायी) ले आवश्यक भूमिका र पहल गर्ने उल्लेख रहे पनि नियमन गर्ने निकाय नगरपालिकाले आफ्नै सम्झौताको उल्लंघन हुने गरी व्यवसायीहरुलाई लुम्बिनी रोड र शहरका अन्यत्र ठाउँमा ग्यारेज वर्कशप सञ्चालन गर्दै आएका छन्।

सिद्धार्थनगर नगरपालिकामा करिब ८ सय व्यवसायीहरु अटोभिलेजमा जाने प्रकृतिका रहेका छन्। नगरमा एक हजार ५ सय अटोमोबाइल्ससँग सम्बन्धित व्यवसाय दर्ता भएका अध्यक्ष सारु मगरले बताए। उनका अनुसार अधिकांश लुम्बिनी रोड र वरपर क्षेत्रमा ग्यारेजहरु अव्यवस्थित रुपमा रहेका छन्।

अटोभिलेज क्षेत्रमा भने २० जना व्यवसायीहरुले मात्रै नियमित काम र व्यवसाय गर्दै आएको सारुले बताए। भैरहवाको लुम्बिनी रोड, अञ्चलपुर, पडसरी, वाइपास, हाटबजार र बसपार्क क्षेत्रमा अव्यवस्थित रुपमा अटोमेकानिक्सहरु ग्यारेज सञ्चालन गर्दै आएका छन्।

अटोभिलेज पुग्न अझैं पुलको समस्या रहेको, सर्भिस रोड हुँदै आउनु पर्ने बाध्यता रहेकोले हाइवे खोल्नु पर्ने, विस्तारै हुलाकी सडकसँग जोड्नु पर्ने, बाटो र पूर्वाधारको काम अझैं व्यवस्थित गर्नु पर्नेलगायतको समस्या रहेको अटोभिलेजमा रहेका व्यवसायीहरुको माग छ।

### रेशम...

तर, सर्वोच्च अदालतबाट जारी भएको भनिएको पक्राउ पुर्जी फर्जी रहेको थाहा लागेपछि रेशम चौधरी छुटेका थिए। त्यसक्रममा रशेम चौधरीले ५ घण्टा डिल्लीबजार कारागारमा बिताएका थिए।

जनमत पार्टीका सांसद अब्दुल खान रेशम चौधरीको पक्राउमा निशपक्ष छानबिन हुनुपर्ने बताउँछन्। रेशम चौधरीको पक्राउ गर्नुको कारण नाउपा र जनमतलाई मिल्न नदिने षड्यन्त्र रहेको उनको आशंका छ। 'यो घटनाले थारु, मुस्लिम एकता तोड्ने काम भयो,' जनमतका उपाध्यक्ष समेत रहेका खानले भने-'यो घटनाको निशपक्ष छानबिनको माग गर्दछु।' यो घटना सामान्य घटना नरहेको भन्दै उनले निशपक्ष छानबिनका लागि सरकारलाई रुलिङ गर्न सभामुख समक्ष आग्रह गरे।

कतिपय सांसदहरूले रेशम चौधरीको पक्राउमा न्यायिक छानबिनको माग राखेका छन्। रास्वपाले यो घटनामा न्यायिक छानबिनको माग गरेको छ।

रास्वपाका सांसद शिव नेपालीले चौधरीको पक्राउको न्यायिक छानबिनको माग गरिन्। लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले पनि निष्पक्ष छानबिनको माग गरे। सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेका सांसद हेमराज राई पनि रेशम चौधरीको पक्राउ प्रकरणले कानुनी शासनको खिल्ली उडाएको बताउँछन्।

उनले यो घटना वा प्रकरणका संलग्न व्यक्तिमाथि छानबिन गर्न र कारबाहीको दायरामा ल्याउन सरकारको ध्यानाकर्षण गरेका छन्।

# अनाथ आश्रम स्थापनार्थ धार्मिक महायज्ञ

**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा*



स्याङ्जाको वालिङमा अनाथ आश्रम स्थापनालगायतका मानव रक्षार्थका लागि धार्मिक महायज्ञ गरिने भएको छ। कालिका आध्यात्मिक प्रतिष्ठान नेपालको आयोजनामा वालिङ १४ बायाँखोलामा श्रीमद्भागवत् सप्ताह तथा तण्डुलाचल ज्ञान महायज्ञ एवम् श्रृङ्गारिक महाआरती–२०८२ गर्न लागिएको हो। प्रतिष्ठानले पत्रकार सम्मेलन गरेर बैशाख २४ गतेदेखि ३० गतेसम्म महायज्ञ गरिने जानकारी दिएको छ। नेपालमा युगौंदेखि प्रचलित धर्म, संस्कृति, परम्परा, जीवन दर्शन, यज्ञयागादि तथा विविध मूर्त तथा अमूर्त सम्पदाको संरक्षण, सम्वर्धन, प्रसारण र भावी पुस्तालाई हस्तान्तरण गर्ने उद्देश्य राखेर प्रतिष्ठान स्थापना गरिएको आयोजकले बताएको छ।

वालिङमा कालिका आध्यात्मिक प्रतिष्ठानले आध्यात्मिक धाम निर्माण गर्ने, अनाथ आश्रम एवम् अन्नक्षेत्र खोल्ने, १ सय ८ शिवलिङ्ग स्थापना, १ हजार ८ शालिग्राम पूजा आराधना, दैनिक हवन सञ्चालन, समाजमा रहेका वृद्धा, अशक्त तथा अनाथहरुको सेवा गर्ने उद्देश्यले विभिन्न क्षेत्रमा १०८ ओटा महायज्ञ गर्न लागिएको प्रमुख कथा वाचक तथा प्रतिष्ठानका अध्यक्ष पण्डित प्रकाश तिवारीले बताए। आफ्नै जन्मुभूमिबाट महायज्ञको शुभारम्भ गर्दै मातापिताको आर्शिवाद लिएर देश, विदेशका विभिन्न भागमा महायज्ञ गर्ने लक्ष्य लिएको पण्डित तिवारीले बताए।

यसैगरी विपन्न परिवारका लागि धार्मिक संस्कार धान्न सहयोग गर्ने र विपन्नलाई खर्च जुटाई अन्त्यष्टी गर्नमासमेत सहयोग गरी कसैको कुनै संस्कार नरोकिने अवस्थाको सिर्जना गर्नका लागि महायज्ञ सुरु गर्न लागिएको पण्डित तिवारीले बताए। २४ गते कलश यात्रासहित शुभारम्भ गरिने महायज्ञमा सङ्गीतमय कथावाचनसँगै दैनिक पाठ पारायण, गौपूजा एवम् कन्या पूजन, राधाकृष्ण तथा १ हजार ८ शालिग्राम शिलाको पूजाअर्चना गरिनेछ।

यसैगरी दैनिक राष्ट्रियस्तरका भजनगायकहरुद्वारा दैनिक भजन किर्तनबाट संगितमय आध्यात्मिक आनन्द लिन पाइने आयोजकले जनाएको छ। साथमा दैनिकरुपमा सन्ध्याकालिन लक्षवर्ती आरती गरिने पण्डित तिवारीले बताए। श्री राधासर्वेश्वरको अनुकम्पाले भागवत् भक्तिप्राप्ती हेतु गरिमामय भागवत् सत्सङ्ग ज्ञान महायज्ञमा सहभागी भई धर्मानुरागी सम्पूर्ण महानुभावहरुले भगवत् ज्ञान लिन आयोजकद्वारा अनुरोध गरिएको छ।

धार्मिक जागरणसँगै महायज्ञमा संकलन हुने रकमले मानवीय संरक्षणकै लागि खर्चिने आयोजकले बताए। २४ गतेदेखि सुरु हुन लागेको महायज्ञको सह-आयोजकमा वालिङ नगरपालिका र संयोजकमा वालिङ १४ को वडा कार्यालय रहेको छ।


## विनयी त्रिवेणी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
दुम्किवास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## माटो बिक्रीका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०१/२३**

उपरोक्त विषयमा यस विनयी त्रिबेणी गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८२/०१/१२ गतेको निर्णयानुसार गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने स्थानबाट इन्जिनियरिङ डिजाइन बमोजिमको माटो विक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी देहाय बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| सि.न. | बोलपत्र नं. | बोलपत्रको विवरण | उत्खनन् परिमाण (घ.मि.) | दररेट प्रदेश सरकारले तोके बमोजिम | न्युनतम बोलपत्र रकम (अग्रिम आयकर र मु.अ कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | 46/BTRM /NBC/Rev/ 2081-082 | गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने स्थानबाट इन्जिनियरिङ डिजाइन बमोजिमको माटो विक्री | २२७००.०० | १२३.६२ | २८०६१७४.०० | ९५१३० | ३००० | |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा **सिद्धार्थ बैंक शाखा** कार्यालय दुम्किवासमा रहेको यस कार्यालय को **आन्तरिक राजश्व खाता नं. ००८१५४१३०७८** मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २०८२/०२/२२ गते १२:०० बजे सम्म विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्ययालयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लिखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै भोलिपल्ट कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफूले कबोल गरेको ठेक्काको धरौटी रकम यस कार्यालयको **सिद्धार्थ बैंक शाखा कार्यालय दुम्किवास मा रहेको धरौटी खाता नं. ००८१५१५३३२६** मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८२/०२/२२ गतेका दिन दिनको १२:०० बजे भित्र विधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८२/०२/२२ गते १:०० बजे पछि विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २०८२/०२/११ गतेका दिन दिनको १:०० बजे विनयी त्रिबेणी गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपलट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघि रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्विकृत भएमा सोको सूचना पाएको वा सुचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको ५ प्रतिशतले हुने रकम कार्य सम्पादन जमानत पेश गर्नु पर्ने छ अथवा असार मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) पेश गर्नुपर्ने छ, कार्य सम्पादन जमानत नियमानुसार कार्य गर्न फर्म वा कम्पनिको कार्यालयमा बुझाउनु पर्ने रकम, उत्खनन परिमाण तथा ठेक्काको सम्पूर्ण कार्य सम्पन्न भए पश्चात फिर्ता गरिनेछ अन्यथा जफत गरिनेछ, साथै कबोल अंकको एकमुष्ठ बुझाइ सम्झौता गर्न सक्नेछ अथवा **प्रथम किस्तावापत ५० प्रतिशतले** हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। **दोस्रो किस्ता वापत ५० प्रतिशतले** हुने रकम नेपाल राष्ट बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असार मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम जेष्ठ मसान्त भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउन् पर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ।

९. ठेक्का अवधि पट्टा पत्र पाएको मितिदेखि २०८२ साल आसार २० सम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिनेछ, साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्र्ति दावी गर्न पाईने छैन। यकिन भएको परिमाण भन्दा बढी परिमाण विक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार गाउँपालिकामा बुझाउनु पर्नेछ।

१०. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

## आवश्यकता

मिति २०८२/०१/२३

प्रस्तुत सन्दर्भमा दिब्यज्योति मा.वि. बर्दघाट-२ चिसापानीको बिद्यालय ब्यवस्थापन समितिको मिति २०८२/०१/२२ गतेको बैठकको निर्णय अनुसार यस बिद्यालयमा प्राबिधिकधार तर्फको प्रशिक्षण सहायक पदको पदपूर्ति गर्नुपर्ने भएको हुदाँ तपशिलमा उल्लेखित विवरण अनुसारको नेपाली नागरिकबाट दरखास्त आब्हान गरिन्छ।

**तपसिल**

**विज्ञापन** : ०४/२०८१/०८२ **पद** : प्रशिक्षण सहायक **पद संख्या** : १ (एक)

**न्युनतम योग्यता** : प्राबिधिकधार तर्फ कृषि बिषयमा एस.एल.सी वा सो सरह

**परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता र प्रयोगात्मक ( आवश्यक परेमा)

**परिक्षा दस्तुर** : १०००।- (एक हजार मात्र ) (बैक भौचर संम्लग्न गर्नुपर्ने )

**दरखास्त बुझाउने अन्तिम मिति** : २०८२/०२/०६ गतेसम्म।

**सम्पर्क मिति** : २०८२/०२/०७ गते। **परीक्षाको मिति**: सम्पर्क मितिमा तोकिने छ।

**आवश्यक कागजातको प्रतिलिपि** : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि , एक प्रति फोटो र हस्तखिखित निबेदन संम्लग्न गर्नुपर्ने छ।

**बैकखाता** : रा.बा बैक बर्दघाट ३३३०१०००००३६००१ र हाम्रो सुपर साकोस बर्दघाट-२ को बिद्यालयको खातामा समेत जम्मा गर्न सकिनेछ।

**सम्पर्क नं. ९८४७०२५५७७**

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

**सच्चाइएको सूचना**

दैनिक लुम्बिनी पत्रिकामा मिति २०८२/१/२२ गते प्रकाशित नदीजन्य पदार्थ बिक्रीका लागि विद्युतीय दरभाउपत्र आह्वान सम्बन्धी सूचनामा दरभाउपत्र दाताले आफूले कवोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई कवोल रकमको (मु.अ.कर बाहेक) ५% का दरले हुन पर्नेमा अन्यथा भएकोले सच्चाइएको छ।

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



*योग शिविर:*
महिला पतञ्जली योग समिति दाङको आयोजनामा तुलसीपुरमा सोमबारदेखि सुरु भएको निःशुल्क बृहत् योग विज्ञान शिविरमा सहभागीहरू योग गर्दै । तस्विरः दीपक बोहरा/ रासस

# संघीयता सुदृढीकरणका लागि अन्तरप्रदेश सहकार्य आवश्यक : आचार्य



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र कोशी प्रदेशसभाका सभामुख अम्बरबहादुर विष्टको नेतृत्वमा रहेको एक प्रतिनिधिमण्डलबिच सोमवार राप्ती उपत्यका(देउखुरी)मा छलफल भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा मुख्यमन्त्री आचार्यले संघीयतालाई बलियो बनाउन अन्तरप्रदेशीय समन्वयलाई थप सुदृढ गर्नुपर्ने र सिकाइको आदानप्रदानलाई निरन्तरता दिनुपर्ने बताए ।

'प्रदेश स्थापना भएको आठ वर्षको अवधिमा संघीयतालाई बलियो बनाउने गरी प्रदेश तहबाट उल्लेखनीय कार्यहरू भएका छन् । पूर्वाधार विकास, सामाजिक सुधार तथा मानव पुँजी निर्माणका क्षेत्रमा भएका प्रयासहरू उपलब्धिपूर्ण छन्,' मुख्यमन्त्री आचार्यले भने- 'अन्तरप्रदेश समन्वय र सहकार्यले संघीयतालाई थप मजबुत बनाउनेछ ।'

मुख्यमन्त्री आचार्यका अनुसार प्रदेश तहबिच कानुन निर्माणदेखि असल अभ्यासहरूको आदानप्रदानलाई सिकाइको माध्यमका रूपमा लिन सकिनेछ ।

कोशी प्रदेशका सभामुख अम्बरबहादुर विष्टले लुम्बिनी प्रदेशले कानुन निर्माण, त्यसको प्रभावकारी कार्यान्वयन तथा आफ्नै प्रशासनिक केन्द्र निर्माणमा प्राप्त गरेका सफलताहरू कोशी प्रदेशका लागि सिकाइ हुने उल्लेख गरे ।

कोशी प्रदेशकी उपसभामुख सृजना दनुवारले प्रदेश तहमा हुने यस्ता सिकाइ आदानप्रदानले भावनात्मक रूपमा पनि प्रदेशहरूलाई नजिक ल्याउने भएकाले यस्ता अभ्यासलाई निरन्तरता दिनुपर्ने बताइन् । छलफलमा नेपाली कांग्रेसकी सचेतक शोभा लिम्बु, नेकपा माओवादी केन्द्रकी सचेतक गीता तिम्सिना, नेकपा एसका सचेतक विद्या चाम्लिङ राई, राप्रपाका सचेतक गोपाल गजमेरलगायतको सहभागिता थियो ।

लुम्बिनी प्रदेशबाट मुख्यमन्त्री आचार्यसँगै प्रदेश सभा सदस्य यमबहादुर नेपाली, निमा गिरीलगायत सहभागी थिए ।

# स्याङ्जामा आगलागीबाट ४० लाखको क्षति

**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

स्याङ्जामा आगलागीबाट झण्डै ४० लाख बराबरको क्षती भएको छ । पुतलीबजार र वालिङमा लागेको आगोका कारण ३९ लाख ५० हजारको पसल, घरगोठसहित धनमाल नष्ट भएको हो । गएको शुक्रबार र शनिबार आगलागीले स्याङ्जामा पुगेको क्षती अहिलेसम्मकै सबैभन्दा ठूलो क्षति पुगेको छ । शुक्रबार वालिङको एक पसल र धन्सार गोठमा आगलागी भएको हो भने शनिबार पुतलीबजारमा घरगोठमा आगलागी भएको हो ।

शुक्रबार वालिङ ६ मिर्दिमा रहेको सिरक डसना उद्योगमा आगोलागी हुँदा १४ लाख ५० हजार क्षति भएको छ । नुवाकोट मेगन गाउँपालिका वडा नं. -०६ घर भएका रमेश तामाङले आलमदेवी सिरक डसना उद्योग सञ्चालन गर्दै आएका थिए । उक्त उद्योगमा मेसिन चलिरहेको अवस्थामा अचानक बिजुली सर्ट भई आगलागी भएको भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ ।

आगोलागीबाट मानविय क्षती नभएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ । आगालागीबाट कपडा पेल्ने मेसिनलगायत फाइवर लत्ता कपडा जल्दा १४ लाख ५० हजारको क्षति भएको छ । उक्त कपडा पसलमा यो भन्दा अगाडि पनि आगलागी भएर झण्डै १५ लाखको क्षति पुगेको थियो । यस विषयमा प्रहरीले अनुसन्धान भइरहेको जनाएको छ । यसैबिच शुक्रबार नै वालिङ ५ बडहरेमा धन्सार र गोठामा आगलागीबाट ५ लाख बराबरको क्षति पुगेको बताइएको छ ।

वालिङ ५ टेकबहादुर खड्काको धन्सार र गोठमा अचान आगो लागेको थियो । आगलागीबाट धन्सार र गोठ पूर्णरुपले जलेर नष्ट भएको वडाध्यक्ष छवि आलेले बताए । पशुचौपाय भने आगलागीबाट क्षति हुनबाट जोगिएको उनले बताए । यसैबिच शनिबार पुतलीबजार ७ मा खिमबहादुर खत्रीको घरगोठमा आगलागी हुँदा पूर्णरुपले जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट २ तले ढुङ्गामाटो र टिनले छाएको कच्ची घरमा विद्युत् सर्ट भई आगो लाग्दा जलेर नष्ट भएको थियो । आगलागीबाट सुनका गरगहना ६ तोला, नगद ७० हजार, भाडाकुडाँसहित लत्ताकपडा जलेर नष्ट हुँदा २० लाख बराबरको क्षति पुगेको प्रहरीले उल्लेख गरेको छ । दुईदिन लागेको आगलागी विद्युत्कै कारण लागेको बताइएको छ ।

यो मौसममा बढी आगलागीका घटनाहरु हुने हुँदा नागरिक आफैं सचेत रहनुपर्ने जिल्ला प्रशासनले सुझाव दिएको छ । सुख्खा मौसममा आगोले छिट्टै समात्न सहज हुने हुँदा आगो लाग्ने बस्तुहरुबाट होसियार बन्न प्रशासनले आग्रह गरेको छ । विद्युतीय सामग्रीको प्रयोग र सलाइ, लाइटर जस्ता आगो लाग्न सक्ने बस्तुहरुलाई बच्चाबच्चीले चलाउन नसक्ने ठाउँमा राख्न पनि प्रशासनले सुझाएको छ ।

# अटो इञ्जिनियरिङ्ग एशोसिएसन र वाणिज्य क्याम्पसबिच सम्झौता




बुटवल । बुटवल अटो इञ्जीनयरिङ्ग एशोसीएसन र लुम्बिनी वाणिज्य क्याम्पसबिचमा इन्टर्नसीपसहितको विषयमा सम्झौता भएको छ । सोमबार क्याम्पसमा एक कार्यक्रमको आयोजना गरी सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ ।

बुटवल अटो इञ्जिनियरिङ्ग एशोसीयसनका तर्फबाट अध्यक्ष प्रेमप्रसाद गौचन र क्याम्पसको तर्फबाट क्याम्पस प्रमुख प्रा.डा. ताराप्रसाद उपाध्यायले हस्ताक्षर गरेका छन् । अनुसन्धान तथा तालिमको लागि व्यवसायिक क्षेत्रमा विद्यार्थीहरुको सहभागिता बढाउँदै लैजाने र स्वदेशमा नै रोजगारीका अवसर सृजना गर्ने सहयोग पुग्ने सम्झौतामा उल्लेख छ ।

तालिम तथा अनुसन्धानमा लुम्बिनी वाणिज्य क्याम्पसले सहयोग गर्नेछ । यस्तै विद्यार्थीहरुलाई इन्टर्नसीपको लागि अटो इञ्जिनियरिङ्ग एशोसीयसनले सहयोग गर्नेछ ।

लुम्बिनी वाणिज्य क्याम्पसले छुट्टै आटोमोबाइल इञ्जिनीयरिङ्ग कार्यक्रम सञ्चालन गर्न पनि एशोसियसनले सघाउने सम्झौता भएको छ । २ वर्षको लागि गरिएको सम्झौतामा अटो इञ्जिनियरिङ्ग एशोसियसनले छुट्टै स्थापना गर्न खोजेको अटो मोबाइल्सको अध्यापन हुने क्याम्पसको परिकल्पनालाई वाणिज्य क्याम्पसले सघाउ पुऱ्याउने समेत उल्लेख गरिएको छ ।

सम्झौता आदानप्रदान कार्यक्रममा एशोसियसनका पूर्व अध्यक्ष तथा नेपाल अटो व्यवसायी महासंघका केन्द्रीय सचिव तुलसीप्रसाद न्यौपाने, केन्द्रीय कोषाध्यक्ष तथा एशोसियसनका वरिष्ठ उपाध्यक्ष बाबुराम आचार्य, वाणिज्य क्याम्पस सञ्चालक समितिका अध्यक्ष सुरेन्द्रप्रसाद श्रेष्ठ, प्लेसमेन्ट काउन्सीलिङ्ग, एन्ड इन्टरप्रेनरसीप डेभलपमेन्ट सेलका कार्यक्रम प्रमुख मुकुन्द ज्ञवाली, पुरुषोत्तम घिमिरेलगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

# तिलोत्तमा सडक आश्रित मानवमुक्त घोषणा हुँदै



तिलोत्तमा । रुपन्देहीको तिलोत्तमा नगरपालिका सहयोगापेक्षि सडक आश्रित मानवमुक्त पालिका घोषणा हुने भएको छ । पालिकाले मंगलबार एक विशेष कार्यक्रम गरी नगरलाई सहयोगापेक्षि सडक आश्रित मानवमुक्त पालिका घोषणा गर्दैछ ।

पालिकाको वडा नं. ६ मा रहेको मानवसेवा आश्रमको व्यवस्थापनमा सडक आश्रित मानवमुक्त पालिका बनाउन लागिएको हो ।

सो कार्यक्रमको पूर्वसन्ध्यामा पालिकाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै नगरप्रमुख रामकृष्ण खाँणले मानवसेवा जीवनको सर्वोत्तम कार्य भएको बताए । नगर उप-प्रमुख जगेश्वरीदेवी चौधरीले यो घोषणाले नगरको गरिमा थप बढ्ने बताइन् । प्रमुख प्रशासकीय अधिकृत नारायण अर्यालले नगरलाई सिटी अफ ह्युमानिटि र सिटी अफ स्पिरिचुआलिजमका रुपमा विकास गर्ने गरी पालिकाले काम गर्ने बताए ।

आश्रमका अध्यक्ष रामजी अधिकारीले नेपालको सातै प्रदेशमा मानवसेवा आश्रम स्थापना गरी सेवा गरिरहेको जनाए । रुपन्देहीको बुटवल र तिलोत्तमामा मानवसेवा आश्रममार्फत् १ हजार १ सय १६ जनाको उद्धार गरिएको बताए । जसमा तिलोत्तमामा १२६ जना छन् । छलफल कार्यक्रममा राजनैतिक दल, नागरिक समाज, संघ संस्था, विद्यालयका शिक्षक, टोल विकास संस्थाहरुले ऐक्यबद्धता जनाएको कार्य पालिका सदस्य सुरेन्द्र श्रीले बताए ।

# रामग्राम र पण्डितपुरमा बुद्ध जयन्ती मनाइने



नवलपरासी । गौतमबुद्धको अन्तुधातु रहेको रामग्राम र बुद्धको मावली पण्डितपुरमा बैशाख २८ र २९ गते २५६९औं बुद्ध जयन्ती मनाइने भएको छ । रामग्राम नगरपालिकामा वसेको सरोकारवलाहरुको बैठकले २८ गते पण्डितपुर र २९ गते रामग्राममा मनाइने बुद्ध जयन्ती कार्यक्रमलाई सफल बनाउन सबै पक्ष लाग्ने निर्णय गरिएको छ । बुद्ध जयन्तीका अवसरमा विभिन्न खेलकुद प्रतियोगिताका विजयी, कक्षा ८ मा ४ जीपीए ल्याउने विद्यार्थी र विद्यालयलाई पुरस्कार वितरण रामग्राम स्तुपमा हुने कार्यक्रममा गरिने भएको छ ।

बुद्ध जयन्तीका अवसरमा नगर सरसफाइ र दीप प्रज्ज्वलन गर्ने र सबै नगरवासीलाई घर-घरमा दीप प्रज्ज्वलन गर्न आग्रह गर्ने समेत कार्यक्रम रहेको छ ।

बैठकमा सहभागीहरुले बुद्ध जयन्तीका अवसरमा आयोजना हुने कार्यक्रममा पण्डितपुर र रामग्राम र बुद्धको विषय विज्ञहरुलाई ल्याएर यसको महत्वका बारेमा जानकारी दिने कार्यक्रम गरी प्रसारप्रचारलाई अगाडि बढाउनु आवश्यक रहेको बताएका थिए । प्रत्येक वर्ष बुद्ध जयन्तीलाई जयन्तीमा मात्र सीमित गर्नुको कुनै औचित्य नरहेकोमा सरोकारवालाले जोड दिएका थिए । कार्यक्रममा नगरप्रमुख धनपत यादवले बुद्धको अन्तुधातु रामग्राममा मात्र रहेको हुँदा रामग्रामको महत्व ठूलो रहेको बताए । यादवले रामग्राम र पण्डितपुरको प्रचारप्रसार नभएकोले रामग्राम नगरपालिका प्रचार अभियानमा जुटेको बताए । रामग्रामका २० हजार बालबालिकाहरुलाई बुद्ध, रामग्राम र पण्डितपुरका बारेमा जानकारी गराउन नगरपालिकाले रामग्राम क्षेत्रका सबै विद्यालयमा पढाउन पाठ्यक्रम तयार गरेको उनले जनाए ।

गौतमबुद्धको जन्म बैशाख पूर्णिमाका दिन लुम्बिनीमा भएको थियो । बुद्ध पूर्णिमाकै दिन बुद्धले बोधगयामा बुद्धत्व प्राप्त गरेका थिए । यस अवसरमा लुम्बिनीमा विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिएको छ ।

यस वर्ष २५६९औं बुद्ध जयन्ती तथा लुम्बिनी दिवस २०८२ को अवसरमा लुम्बिनीको साँस्कृतिक ग्राम क्षेत्रस्थित अन्तर्राष्ट्रिय सम्मेलन तथा ध्यान केन्द्रमा बैशाख २९ गते हुने मूल समारोहमा प्रधानमन्त्री के.पी. शर्मा ओली र बौद्ध विद्वानहरू तथा विभिन्न मुलुकका प्रतिनिधि समेतको सहभागिता रहनेछ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com